मुख्यमन्त्री

सुदूरपश्चिम प्रदेश सरकार
धनगढी, कैलाली, नेपाल ।

## नयाँ वर्ष २०८२ सालको शुभकामना सन्देश

नयाँ वर्ष २०८२ साल आरम्भ भएको सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीवहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दीर्घायुको शुभकामना व्यक्त गर्दछु ।

हरेक नयाँ वर्षलाई हामीले विगतको समीक्षा गर्ने र नयाँ संकल्पका साथ अगाडि बढ्ने अवसरका रूपमा ग्रहण गर्दै आएका छौं । तसर्थ नयाँ वर्ष आशा, अपेक्षा र उमङ्गको उत्सव पनि हो। नयाँ वर्षको सुरुवात भएको यस अवसरमा हामीले विगतको कठोर अनुभवबाट शिक्षा लिएर आगामी यात्रा तय गर्न आवश्यक छ ।

अन्तमा, नयाँ वर्ष २०८२ ले देशमा दिगो शान्ति, सुदृढ राष्ट्रिय एकता र सामाजिक सद्भावसहित आर्थिक समृद्धिको लागि नयाँ जोश, जाँगर र उत्साह पैदा गरी समाजमा विद्यमान अन्धविश्वास, कुरीति एवं कुसंस्कारहरूलाई हटाउँदै न्यायपूर्ण, सभ्य र सुसंस्कृत समाज निर्माण गर्न हामी सबैलाई प्रेरणा प्रदान गरोस् भन्ने पुनः शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२०८२ साल वैशाख १ गते सोमवार ।

(कमल बहादुर शाह)
मुख्यमन्त्री